# खोटेहाङ गाउँपालिका, खोटाङ

## गाउँसभाको तेह्रौं अधिवेशन

## आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम

अध्यक्ष श्री उदिम बहादुर राई

२०८० असार ०७ गते

**गाउँसभाको तेह्रौं अधिवेशनका उपाध्यक्षज्यू,**

**गाउँसभा सचिवज्यू,**

**गाउँसभा सदस्यज्यूहरु,**

खोटेहाङ गाउँपालिकाको सर्वाङ्गीण विकास, दिगो शान्ति, समृद्दि र समतामूलक समाज निर्माणको आकांक्षा पूरा गर्ने संकल्प सहित गाउँसभाको तेह्रौं अधिवेशनको वैठकमा आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा गौरव महशुस गरिरहको छु । यस वैठकमा उपस्थित सम्पूर्णमा म सहृदय स्वागत र अभिवादन गर्न चाहान्छु ।

यस गरिमामय क्षणमा नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रियता, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि इतिहासका विभिन्न कालखण्डहरुमा भएका गौरवपूर्ण संघर्ष तथा आन्दोलनमा जीवन आहुती गर्नुहुने सम्पूर्ण वीर शहिदहरुप्रति श्रद्दा सुमन अर्पण गर्न चाहान्छु । सशस्त्र संघर्ष तथा जन आन्दोलनका घाईते, वेपत्ता नागरिक एवं द्वन्दपिडितहरु प्रति उच्च सम्मान व्यक्त गर्न चाहान्छु ।

स्थानीय तहको दोस्रो निर्वाचनमा खोटेहाङ गाउँपालिकाको भाग्य र भविष्य निर्माणका लागि हामीलाई विश्वास गरेर आफ्नो अमूल्य मत दिई निर्वाचित गराईदिनु हुने सम्पूर्ण नागरिकहरु प्रति सम्मान आभार व्यक्त गर्न चाहान्छु । यसै सभा मार्फत खोटेहाङ गाउँपालिकाको समावेशी स्वावलम्बी समृद्द खोटेहाङको सपना साकार पार्न हरतरहले प्रयत्नरत रहने प्रतिवद्दता समेत व्यक्त गर्न चाहान्छु र यस प्रयत्नमा खोटेहाङ गाउँपालिकावासी सवै सरोकारवालाहरुले रचनात्मक सहयोग गर्नुहुनेछ भन्ने विश्वास र अपेक्षा गर्न चाहान्छु ।

खोटेहाङ गाउँपालिकासंग सम्भावनाहरुको प्रचुरता छ । हामीसंग प्रसस्त उर्वर भूमी छन । सिँचाईका लागि उपयुक्त खेलाहरु र नदिनालाहरु छन । पर्यटकीय सम्भावनायुक्त प्राकृतिक, साँस्कृतिक, ऐतिहासिक सम्पदाहरु छन । जाँगरिला र उर्जावान यथेष्ट मानवपूँजी छ । घना, सुन्दर र उपयोगी वनजंगल, सैयौं प्रकारका जडिवुटी, स्थानीय सिप र उत्पादन हामीसंग छ । सवैभन्दा महत्वपूर्ण कुरा हामीसंग गाउँपालिकाको सुनौलो भविष्यको साझा संकल्प छ र यहाहरुको अमूल्य साथ छ ।

तर हामीमाझ थुप्रै चुनौतीहरु पनि छन । सिमित स्रोत साधनको समुचित प्रयोगवाट अथाह स्थानीय आवश्यकता र जन अपेक्षालाई हामीले पुरा गर्नु पर्नेछ । जनताका अनगिन्ती चाहानाहरु प्रत्यक्ष रुपमा स्थानीय तहसंग जोडिएका हुन्छन, हरेक आवश्यकता र चाहानाहरुको समयानुकुल सम्बोधन हामीले गर्नुपर्नेछ । हामीले विकास र समृद्दिको अभियानमा अपेक्षित जनसहभागीता सुनिश्चित गर्नुपर्नेछ । विकासको दिगोपना, गुणस्तरीयता, जनजिविका, समता र सहभागीतासंगको सन्तुलन कायम गर्नुपर्नेछ । सवल र स्वावलम्वी अर्थतन्त्रको निर्माण गर्दै स्वस्थ, सभ्य, मर्यादित एवं दक्ष मानवपूँजि सहितको समाज निर्माण गर्नुपर्नेछ । र विकासका सवै क्षेत्र-उपक्षेत्रहरुको सन्तुलित र तीव्र विकास गर्नुपर्नेछ ।

**गाउँसभा सदस्यज्यूहरु,**

उल्लिखित सम्भावना, चुनौती, हाम्रा साझा संकल्प र प्रतिवद्दताहरुलाई मध्येनजर गर्दै, विषयगत समितिहरुको सुझाव, सरोकारवालाहरुको सुझाव, गाउँकार्यपालिकाका निर्णयहरु, विगतका असल अभ्यास लगायतका विषयहरुलाई ग्रहण गर्दै अब म आगामी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु ।

## क. आर्थिक विकास क्षेत्र

### १. कृषि

- गाउँपालिकाको आवधिक योजना अनुसार कृषि नीति तयार गरिनेछ ।
- कृषि तथा पशु विमालाई सवै कृषकहरुको पहुँचमा पुर्याउन अदुवा, वेसार, अम्रिसो, फलफुल आदि खेतिको प्रवर्द्धनका लागि आवश्यक व्यवस्था गरिनेछ ।
- खेतीयोग्य तथा बाँझो जमिनको उपयोगका लागि उपयुक्त कार्यक्रम सञ्चालन गरिनेछ ।
- कृषि आधुनिकिकरणका लागि आधुनिक मेसिन/यन्त्र तथा औजार खरिदका लागि आवश्यक वजेट व्यवस्था गरिनेछ ।
- संकलन केन्द्र तथा वितरण केन्द्र, विक्रि पसल तथा कोशेली घर निर्माण तथा कृषि हाटवजार व्यवस्थापन गर्न पहल गरिनेछ साथै दुग्ध डेरि व्यवस्थापनका लागि आवश्यक पहल गरिनेछ ।
- कृषि प्रदर्शनी मेलाको आयोजना गरि कृषकहरुको उत्पादनमा प्रोत्साहन गरिनेछ ।
- आत्मनिर्भर कृषिका लागि सामूहीक खेती, पकेट सञ्चालन, सहकारितामा आधारित कृषिको अवधारणा कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- कृषकहरुको कृषि ज्ञान तथा जनचेतना अभिवृद्दिका लागि कृषकहरुलाई तालिम सञ्चालन गरिनेछ ।
- किसानहरुको हितको लागि कृषि प्राविधिकको निरन्तरता दिईनेछ ।
- उन्नत घाँस/विउ/नर्सरी उत्पादन तथा स्थापनाका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- वैदेशिक रोजगारीवाट फर्केका युवाहरुका लागि कृषिमा साझेदारीतालाई निरन्तरता दिईनेछ ।
- वसाईसराईलाई निरुत्साहन यस गाउँपालिकामा बसाँई सरी आउने असली कृषकहरुको परिवारलाई प्रति परिवार एक माउ लैनो भैसी उपलब्ध गराईनेछ । साथै वैकल्पिक खेतीको आवश्यक व्यवस्था गरिनेछ ।
- फौजिकिरा, बाँदर, दुम्सि परजिवि लगायतको आतंक कम गर्न आवश्यक पहल गरिनेछ । साथै विभिन्न कृषि तथा पशु रोग न्यूनिकरणका लागि आवश्यक व्यवस्थाका लागि अम्रिसो लगायत अन्य बैकल्पिक बुट्यानहरु लगाउन किसानहरुलाई प्रोत्साहन गरिनेछ ।
- कृषि क्षेत्रका लागि प्रदान गरिएको अनुदान कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाई नियमित अनुगमनका माध्यमवाट दण्ड पुरस्कारको व्यवस्था गरिनेछ ।
- कृषक संजाल/मञ्चको व्यवस्था गरिनेछ ।
- प्राङ्गारिक मल उत्पादनका लागि पहल गरिनेछ ।

- कृषि बजारीकरणको व्यवस्था गरिनेछ ।
- नमूना खोर तथा नर्सरी वा फर्मको व्यवस्था गरिनेछ ।
- पशुहरुको रोग तथा किरा नियन्त्रणका लागि पहल गरिनेछ ।
- कृषक पाठशालाको निर्माण गरिनेछ ।
- कृषि वालिको उत्पादकत्व घट्ने समस्या समाधानका लागि उपयुक्त वालिको पहिचान, छनौट तथा प्रवर्धन, कृषि जैविक विविधताको प्रवर्धन, वालिको विविधिकरण बहुवर्षिय वालिको प्रयोग जस्ता असल अभ्यासलाई बढावा दिईनेछ ।
- खोटेहाङ गाउँपालिकको माथिल्लो क्षेत्रमा किवि, मध्यक्षेत्रमा कफि र तल्लो क्षेत्रमा फलफुल खेती जस्तै आँप, लिचि र कटहर खेतिको विस्तार गर्न आवश्यक रणनीति तयार गरिनेछ ।
- पशु स्वास्थ उपचारका लागि आधारभूत आवश्यक औषधीको व्यवस्था गरिनेछ ।
- कृषि तथा पशु विकास कार्यक्रम सञ्चालन गर्दा महिला लक्षित कार्यक्रमलाई प्राथमिकतामा राखिनेछ ।

### २. पर्यटन

- पदमार्गहरुको पहिचान तथा ब्यवस्थापन गर्न आवश्यक व्यवस्था गरिनेछ ।
- पर्यटकीय तथा साँस्कृतिक महत्वका सम्पदाहरुको संरक्षण तथा प्रवर्धनलाई निरन्तरता दिईने छ ।
- पर्यटकीय क्षेत्र तथा साँस्कृतिक महत्वका क्षेत्रहरुको प्रचार प्रसार गरिनेछ ।
- गाउँपालिकाका सम्भावित क्षेत्रहरुमा होमस्टे सञ्चालन तथा होटल व्यवसाय सञ्चालन गर्न उत्प्रेरीत गरिनेछ ।

### ३. उद्योग तथा उद्यमशीलता प्रवर्धन

- उद्यमशिलता विकास तालिम सञ्चालन गरिनेछ ।
- उद्यमिहरुको प्रदर्शनी मेलाको आयोजना गरिनेछ ।
- स्थानीय लघु उद्यमलाई प्रोत्साहन गर्न तथा वातावरण संरक्षणका लागि यसै आर्थिक बर्ष वाट गाउँपालिका मातहतका कार्यालयलाई प्लास्टिकजन्य सामग्री प्रयोग न्यूनिकरण गर्दै स्थानीय ढाका बुनाई दुना टपरी तथा कोसेली घरको व्यवस्था गरिनेछ ।

### ४. सहकारी

- गाउँपालिका भित्र सञ्चालित सहकारी संस्थाहरुलाई नियन्त्रण र नियमन गरि क्षमता विकास तालिम तथा प्रशिक्षण सञ्चालन गरिनेछ ।
- रोजगारी सृजना/उद्यमशीलता प्रवर्धन, वजारिकरण तथा व्यवसायिकरण लगायतका रचनात्मक कार्यक्रम सञ्चालनमा सहकार्य तथा संयुक्त लगानीको व्यवस्था गरिनेछ।
- सहकारी तथा गैर सरकारी संस्थासंगको सहकार्यमा टोल स्तरमा वित्तिय साक्षरता कक्षा सञ्चालन गरिनेछ ।

### ५. रोजगार कार्यक्रम

- सवै बेरोजगार जनशक्तिको योग्यता क्षमता र सीपसमेत उल्लेख हुने गरी तथ्याङ्क अध्यावधिक गरिनेछ ।

- उत्पादनशिल रोजगारीको माध्यमबाट श्रम बजारमा प्रवेश गर्न योग्य जनशक्तीलाइ सीपमुलक, व्यवसायीक तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।
- संघ, प्रदेश र गाउँपालिकाबाट सञ्चालित योजनाहरुमा सूचना केन्द्रमा सूचीकृत बेरोजगारहरुलाई प्राथमिकतामा राखेर काम गर्ने व्यवस्था गरिनेछ ।
- वैदेशिक रोजगारीलाई सुरक्षित व्यवस्थित तथा मर्यादित वनाउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- वैदेशिक रोजगारीमा रहेका नागरिक तथा निजहरुको परिवारलाई प्रदान गरिने राहत, उद्दार तथा अन्य कल्याणकारी सेवा प्रवाहलाई सहजीकरण गरिनेछ व्यवस्था मिलाइने छ ।
- वैदेशिक रोजगारबाट फर्केका नागरिकहरुले आर्जन गरेको अनुभव, सीप र पूँजी लगानी गरी उत्पादन र स्वरोजगार क्षेत्रमा काम गर्न प्रोत्साहन गर्नुका साथै व्यवसाय सञ्चालनका लागी सहुलियत पूर्ण कर्जा प्रवाह गर्न वित्तिय क्षेत्रसँग समन्वयकारी भूमिका मिलाईने छ ।
- बैदेशिक रोजगारीमा जाने व्यक्तिहरुका लागि श्रम स्वीकृती कार्यलाई प्रभावकारी बनाईनेछ ।

## ख. पूर्वाधार विकास क्षेत्र

- ३ लाख भन्दा माथिका सडक निर्माण आयोजनाहरु सञ्चालन गर्नुपूर्व पर्याप्त प्राविधिक तथा भौगोलिक अध्ययन तथा अनुसन्धान गरिनेछ।
- सडक आयोजनाहरुको जनसहभागिता र जनश्रमदानलाई व्यवस्थित गर्न उपभोक्ता समितिबाट अनिवार्य नाली काट्ने तथा सोलिङ गरिनेछ।
- खोटेहाङ गाउँपालिकाको विविध विकासका लागि आवश्यकता अनुसार डि. पि. आर. तयार गरिनेछ ।
- सडकको क्षेत्राधिकार कायम गरी व्यवस्थित सडक आयोजनाहरु सञ्चालन गरिनेछ।
- निर्माण कार्यहरुमा दक्ष कामदारको परिचालन गरिनेछ, दक्ष कामदार उत्पादनका लागि आवश्यक तालिमलाई निरन्तरता दिईनेछ ।
- पानीको मुहान, वनक्षेत्र तथा खेतियोग्य जमिनबाट सडक निर्माण कार्यलाई निरुत्साहित गरिनेछ।
- गाउँपालिकाको कुनै पनि क्षेत्रमा गाउँपालिका तथा जग्गाधनीको अनुमति बिना सडक निर्माण गर्न पाईनेछैन।
- अन्तरपालिका जोड्ने महत्वपूर्ण सडकहरुको स्तरोन्नतीका लागि अन्तरपालिका संग समन्वय गरी आवश्यक बजेट सुनिश्चित गरिनेछ।

## ग. सामाजिक विकास क्षेत्र

**१. खानेपानी तथा सरसफाई**

- खानेपानीको अभाव भएका क्षेत्रमा खानेपानी आयोजना सञ्चालनलाई पहिलो प्राथमिकता दिई आयोजना सञ्चालनका लागि आवश्यक वजेट व्यवस्था गरिनेछ ।
- एक घर एक धारा सुनिश्चितताका लागि प्राथमिकताका आधारमा आवश्यक वजेट व्यवस्था गरिनेछ ।

- खानेपानी योजना सञ्चालन गर्न प्रत्येक खानेपानीका मुलहरुको पूर्व मञ्जुरी तथा मुहान दर्ताको कार्य अघि बढाईनेछ ।
- आयोजनाको पूर्व लागत अनुमान गरि वजेट विनियोजन गर्ने व्यवस्था मिलाईनेछ ।
- बजार क्षेत्रको खानेपानी ब्यवस्थापनका लागि आवश्यक पहल गरिनेछ ।
- खानेपानी उपभोक्ता समितिहरुको लगत राखि मुहान र सञ्चालित आयोजनाप्रतिको अपनत्व अभिवृद्दिका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- खानेपानीमा पर्याप्त पहुँच पुगेका परिवारलाई उत्पादनसंग जोड्नका लागि जनचेतना तथा प्रोत्साहन कार्यक्रम ल्याईने छ ।
- खानेपानीको व्यवस्थित वितरणका लागि आवश्यक कार्य गरिनेछ ।
- मुहान संरक्षण, सरसफाई सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- फोहोरमैला व्यवस्थापनका लागि डम्पिङ साईट पहिचान/सिमाङ्कन तथा अभिलेखिकरण गरिनेछ ।
- हरेक सार्वजनिक क्षेत्रमा शिशाजन्य/प्लास्टिकजन्य/सड्ने फोहोरहरु संकलन गर्न डस्टविनको व्यवस्था गरिनेछ तथा हरेक घरमा फोहोर संकलन गरिनेछ साथै टोकरी राख्न प्रोत्साहन गरिनेछ ।

२. शिक्षा

- शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइलाई  सम्बन्धी जनचेतनामूलक होर्डिङ बोर्ड तथा भित्तेलेखन कार्य सञ्चालन गरिनेछ ।
- अध्यक्ष उपाध्यक्ष शैक्षिक सुधार छात्रावृति कार्यक्रम अन्तर्गत पालिका भरिका विद्यालयबाट कक्षा ८ र SEE मा उच्च अंक ल्याउने विद्यार्थीहरुलाई प्रोत्साहन गरिनेछ ।
- विद्यार्थीहरुको सर्वाङ्गिण विकासका लागि विभिन्न अतिरिक्त कार्यक्रमहरुमा जोड दिईनेछ ।
- उत्कृष्ट विद्यालय, विद्यार्थी, र प्रधानध्यापक घोषणा तथा सम्मान कार्यक्रम संचालन गरिनेछ ।
- पुनर्ताजगी र प्रवोधिकरण तालिमलाई निरन्तरता दिईनेछ ।
- एक वडा एक नमूना विद्यालय विभिन्न मापदण्डका आधारमा छनोट गरि प्रोत्साहन गरिनेछ ।
- सरकारी सेवा तथा सुविधा लिएका सबैखालका कर्मचारी, शिक्षक तथा जनप्रतिनिधिहरुका सन्ततीलाई आगामी शैक्षिक सत्र २०८१ देखि सामुदायिक विद्यालयमा पढाउने अनिवार्य व्यवस्था मिलाईनेछ ।
- कक्षा ६,७, र ८ को स्थानीय विषयको पाठ्यक्रम र पाठ्यपूस्तक निर्माण गरि लागु गरिनेछ साथै कम्प्युटर विषय सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।
- प्रत्येक विद्यालयमा प्राथमिक उपचार First Aid Kit को व्यवस्था गरिनेछ ।
- विषयगत शिक्षकहरुको सिकाई उपलब्धीको आधारमा पुरस्कार र दण्डको व्यवस्था गरिनेछ ।

३. स्वास्थ्य

- सुरक्षित मातृत्व कार्यक्रमलाई प्रभावकारी बनाउँदै क्रमिक रुपले बर्थिङ सेन्टर थप गरि घरमा सुत्केरी हुने दरलाई कम गरिनेछ साथै आवश्यक सामग्रीको व्यवस्था गरिनेछ ।

- गाउँपालिका भरिका उत्कृष्ट स्वास्थ्य चौकी प्रमुख तथा उत्कृष्ट स्वास्थ्य स्वयम् सेविका सम्मान कार्यक्रम संचालन गरिनेछ ।
- खोटेहाङ गाउँपालिकाको पालिका अस्पतालको रुपमा रहेको इन्द्रेणिपोखरी अस्पतालबाट गुणस्तरी सेवा प्रवाह गर्न आवश्यक सामग्रीको व्यवस्था गरिनेछ ।
- सामुदायिक स्वास्थ्य इकाइमा आवश्यक जनशक्ति तथा समग्रीको व्यवस्था गरिनेछ ।
- नेपाल सरकारबाट निशुल्क वितरण हुने औषधीका लागि आवश्यक वजेट व्यवस्था गरिनेछ ।
- बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत "हरेक बार खाना चार अभियान"लाई प्रोत्साहन गरिनेछ ।
- स्वास्थ्यकर्मीहरुको पेशागत तालिमलाई प्रोत्साहन गरिनेछ ।
- पोष्टमार्टम गृह र सेवा लाई व्यवस्थित रुपमा सञ्चालन गरिनेछ ।
- सञ्चालन भएका ल्याव सेवाको व्यवस्थापनका लागि आवश्यक जनशक्ति र सामग्री व्यवस्था गरिनेछ ।
- आवश्यक कार्यविधि निर्माण गरि सहुलियतमा एम्बुलेन्स सेवा सञ्चालन गरिनेछ । ज्यान जोखिममा रहेका र स्वास्थ्य संस्थाबाट रेफर भएका गर्भवती महिला र सुत्केरी महिलालाई गाईघाट, भोजपुर र दिक्तेलसम्म निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईनेछ ।
- पूर्णखोपको दीगोपनालाई सुनिश्चित र व्यवस्थित बनाउँदै लगिनेछ ।
- सुत्केरी स्याहार प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- स्वास्थ्यकर्मीहरुलाई ग्रामिण अल्ट्रासाउण्ड (भिडियो एक्सरे), DHIS2 र ELMIS तालिमको लागि वजेट व्यवस्था गरिनेछ ।
- खोटेहाङ गाउँपालिका गाउँकार्यापालिका तथा सबै स्वास्थ्य चौकीहरुमा पोषण कर्नर निर्माण गरिनेछ ।
- सुनौला हजार दिनका आमाहरुलाई पोषण सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।

**४. संस्कृति प्रवर्धन**

- हरेक साँस्कृतिक समुदायहरुको संस्कृति संरक्षण समूह निर्माण गरि आवश्यक प्रोत्साहन गरिनेछ ।
- साँस्कृतिक संग्रहालय निर्माण गर्न पहल गरिनेछ साथै बृहत सास्कृतिक अध्ययन गरि खोटेहाङ गाउँपालिकाको साँस्कृतिक पुस्तक निर्माण गरिनेछ ।

**५. महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण**

- सामाजिक सुरक्षा भत्ता वितरण प्रकृया थप प्रभावकारी बनाइनेछ ।
- सामाजिक सुरक्षा भत्ताका लागि नाम दर्ता, भत्ता वितरण, व्यक्तिगत घटना दर्ता, अपाङ्गता परिचयपत्र वितरण, ज्येष्ठ नागरिक परिचयपत्र वितरण, कर दाखिला, स्वास्थ्य जाँच लगायत सेवा प्रवाह गर्न एकिकृत घुम्ति शिविर सञ्चालन गरिनेछ ।
- गाउँपालिका क्षेत्रमा महिला समूह, आमा समूहका नाममा सञ्चालित समूहहरुलाई गाउँपालिकामा नियमानुसार दर्ता गराई त्यस्ता समूहहरुलाई गाउँपालिकाबाट लक्षित समूहको कार्यक्रम मार्फत आवश्यक सहयोग गरिनेछ ।
- बाल विवाह रोक्न स्नातक तह उत्तीर्ण गरि विवाह गर्ने किशोरीहरुलाई प्रोत्साहन गरिनेछ ।

- एकल महिलाहरुको लागि शिप विकास तथा जिविकोपार्जन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला विरुद्द हुने सबै किसिमका हिंसा संग सम्बन्धित विषयमा सचेतना महिला अधिकार र क्षमता विकास सम्बन्धी नीति तयार गरि कार्यक्रम सञ्चालन गरिनेछ ।
- वाल विवाह अन्त्यका अविभावक सचेनता कार्यक्रम सञ्चालन गरिनेछ ।
- हिंसा प्रभावित महिलाहरुलाई तत्काल उद्दार राहत र पूनर्स्थापनाको लागि लैङ्गिक हिंसा निवारण कोषलाई निरन्तरता दिईनेछ ।
- बालबालिकाको क्षमता विकासका लागि विद्यालय, टोल र वडास्तरीय बालक्लब तथा बालसञ्जाल गठन गरि बालबालिकाहरुको क्षमता विकासमा जोड दिदै बाल कोष स्थापना गरिनेछ ।
- अपाङ्गता सम्बन्धी संस्थागत क्षमता विकास, अपाङ्गता भएका व्यक्तिहरुको आवश्यकता पहिचान गरि सहायक सामग्रीहरु वितरण गरिनेछ ।

## घ. सुशासन तथा संस्थागत विकास क्षेत्र

- खोटेहाङ गाउँपालिकाको स्वीकृत दरवन्दी बमोजिम स्थायी पदपुर्ति गर्नको लागि प्रदेश लोक सेवा आयोग कोशी प्रदेश विराटनगर समक्ष माग आकृती फारम भरी पठाईनेछ ।
- अनलाईन राजस्व संकलनको व्यवस्था गरि राजश्व प्रणालीको सुधार गरिनेछ ।
- गाउँपालिका र मातहतका सबै कार्यालयमार्फत औपचारिक कार्यक्रम गर्दा अनावश्यक रुपमा खर्च हुने खादा तथा ब्याचलाई पूर्ण निषेध गरिनेछ साथै कार्यक्रम सञ्चालन गर्दा कम खर्चिलो हुनेगरि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- खोटेहाङ गाउँपालिकाले प्रदान गर्ने सार्वजनिक सेवा प्रवाह लगायतका अन्य विविध सेवा तथा सुविधाहरु के कस्तो रुपमा प्रवाह भईरहेको छ, नागरिकहरुको अगामी दिनमा के अपेक्षा छ, त्यसको मापन गर्नको लागि गाउँपालिकाको कार्यालय तथा मातहतका वडाकार्यालयहरुमा नागरिक सन्तुष्टी सर्वेक्षण गर्नको लागी आवश्यक व्यवस्था मिलाईनेछ ।
- न्याय सम्पादन कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि न्यायिक समिति तथा मेलमिलाप कर्ताहरुको क्षमता विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- E-Governance को अवधारणालाई कार्यान्वयनको मार्ग तर्फ लैजानको लागि आवश्यक पहल गरिनेछ ।
- प्रत्येक आ.व. मा चौमासिक रुपमा सार्वजनिक निकायहरुले अनिवार्य रुपमा गर्नुपर्ने सार्वजनिक सुनुवाई कार्यक्रमलाई नियमित, व्यवस्थित तथा विगतका बर्षहरुमा भन्दा थप प्रभावकारी ढंगबाट संचालन गरिनेछ ।
- गाउँपालिकाको क्षेत्र भित्र कानूनले तोके बमोजिमको राजश्वको दायरालाई फरकिलो बनाई करले नभई रहरले राजश्व/कर तिर्नको लागि नागरिकहरु प्रति जवाफदेहि वातावरणको सिर्जना गरिनेछ।
- आन्तरिक लेखा परीक्षण कार्यलाई नियमित र व्यवस्थित ढंगबाट गरिनेछ ।
- वडाध्यक्ष, वडा सचिव र प्रशासन सहायकलाई सामाजिक सुरक्षा तथा पञ्जीकरण सम्बन्धी पुनर्ताजकी तालिमको व्यवस्था गरिनेछ ।

- टोल विकास संस्थाहरुको पूनर्गठन गरि अभिमूखीकरण र पुनर्ताजकी तालिम सञ्चालन गरिनेछ ।
- गाउँ प्रहरीलाई समय सापेक्ष बनाउनको लागि आवश्यक तालिमको व्यवस्था तथा गाउँ प्रहरी ऐन तथा कार्यविधि बमोजिमको गाउँ प्रहरीको काम, कर्तव्य र परिचालन कार्यलाई प्रभावकारी बनाउनु बनाईनेछ ।
- कर्मचारीहरुको मनोवल उच्च राख्न पुरस्कार र दण्ड दुवैको व्यवस्था अनिवार्य गरिनेछ ।
- आ.व ०७९/८० माघ १ गते देखि लागु हुने गरी कर्मचारीको मनोवल उच्च राख्दै कार्य सम्पादनमा निखारता ल्याउनको लागि कार्य प्रकृती तथा कार्य बोझको अधारमा कर्मचारीहरुलाई प्रोत्साहन सुविधा उपलब्ध गराउदै आएकोमा आ.व. ०८०/८१ मा स्थानीय तहहरुलाई बजेट गत आ.व को भन्दा घटेर आएको हुँदा कर्मचारी प्रोत्साहन सुविधा सम्बन्धी कार्यविधिमा भएको व्यवस्था बमोजिम आगामी आ.व. देखि कर्मचारीलाई प्रोत्साहन भत्ता कट्टा गरिनेछ ।
- गाउँपालिका तथा मातहतका शाखा, वडा कार्यालयहरु र स्वास्थ्य चौकीहरुमा Digital नागरिक वडापत्र तथा ई-हाजिरी को व्यवस्था अनिवार्य गरिनेछ ।
- जनप्रतिनिधी तथा कर्मचारीहरुलाई अध्ययन तथा अवलोकन भ्रमण व्यवस्था अनिवार्य भएकाले अन्य नगरपालिका तथा गाउँपालिकामा भएका नविनतम क्रियाकलापहरु सामाजिक, आर्थिक र भौतिक जस्ता क्षेत्रहरुको विविध क्षेत्रको अध्ययन तथा अवलोकन मार्फत यस गाउँपालिकाको विकासमा थप टेवा पुग्ने भएको हुँदा त्यसका लागि भ्रमण योजना बनाईनेछ।
- स्मार्ट गाउँपालिका एप्स सञ्चालनमा ल्याईनेछ ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुलाई नयाँ तथा पुनर्ताजकी तालिमको व्यवस्था गरिनेछ ।
- समाजमा पछाडी परेका तथा पारिएका समुदाय लक्षित लोक सेवा तयारी कक्षा सञ्चालन गरिनेछ ।
- चालु खर्च मितब्ययी बनाउन कार्य संचालन निर्देशिका तयार गरी कार्यान्वयन गरिनेछ ।
- चमेना गृह तथा क्यान्टिनको व्यवस्था लागु गरिनेछ ।

## ङ. वन वातावरण तथा विपद व्यवस्थापन

- वन, वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी आवश्यक दिर्घकालिन नीति तयार गरिनेछ ।
- वजार क्षेत्र, धार्मिक, साँस्कृतिक तथा पर्यटकीय क्षेत्रहरुमा फोहोरमैला व्यवस्थापनका लागि आवश्यक फोहोर संकलन केन्द्र तोकी सो को व्यवस्थापनका लागि नीजि क्षेत्रसंगको समन्वयमा डम्पिङ साईटसम्म पुर्याउने आवश्यक व्यवस्था गरिनेछ ।
- कुनै पनि सडक निर्माण सम्बन्धी योजनाहरु सञ्चालन गर्दा पानीको मुहान भएको क्षेत्रमा मेसिनको प्रयोग कम गरिनेछ वा पानीको मुहान तथा रुख विरुवालाई असर नपर्ने क्षेत्रवाट योजना सञ्चालन गरिनेछ ।
- गाउँपालिकाको प्राकृतिक विपद क्षेत्र नक्सांकनका लागि आवश्यक व्यवस्था गरिनेछ ।
- विपदमा परेका व्यक्तिहरुलाई मानवीय क्षति हुँदा रु पचास हजार र भौतिक क्षति हुँदा क्षतिको विवरण हेरी रु पाँच हजार देखि वीस हजार सम्म राहत उपलब्ध गराईनेछ ।

- बन डढेलोको सम्भावित जोखिमबाट बच्नको लागि बन डढेलो नियन्त्रण गर्न सामुदायियिक बनसंग समन्वय गरि अग्नि नियन्त्रण रेखाहरुको निर्माण गरिनेछ ।
- विपद व्यवस्थापन कोषलाई मजवुद वनाई पूर्ण पारदर्शिताका माध्यमवाट कोष सञ्चालन गरिनेछ ।
- स्थानीय स्तरमा सम्भावित विपदका अन्य घटनाहरुको पूर्वानुमान गरि अवश्यकता अनुसार रोकथाम, पूर्वतयारी प्रतिकार्य गर्ने साथै सो संग सम्बन्धित सचेतनाका कार्यक्रम प्रचार प्रसार र सतर्कताका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- मनसुनको समयमा हुनसक्ने सम्भावित जोखिमलाइ मध्यनजर गर्दै आवश्यकता अनुरुप तयारी अवस्थामा रहन पूर्व तयारीको कार्य गरिनेछ ।
- नदीजन्य प्रकोपलाई नियन्त्रण र वालिनालि जोगाउनका लागि सम्भावित क्षेत्रहरुमा संघीय सरकार र प्रदेश सरकारसंग मन्वय गरि भूक्षयलाई कम गर्नका लागि तटबन्द निर्माण गरिनेछ ।
- सडकका दाँया र वाँया खाली ठाउँहरुमा सघन बृक्षरोपण कार्यक्रम सञ्चालन गरि आवश्यक्ता अनुसार चिया, कफि लगायत फलफुलहरु रोपिनेछ ।
- गाउँपालिकाका सबै वडाहरुमा मूहान संरक्षण र रिचार्ज पोखरी निर्माण गरिनेछ
- सामुदायिक बन उपभोक्ता समिति र कबुलियत बन समूहहरुलाई व्यवस्थित गरि उपभोक्ताहरुलाई सर्वसुलभ सेवा दिने वातावरण निर्माण गरिनेछ ।
- विपदमा परेका व्यक्तिहरुको लगत संकलन गरि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकामा शव बाहनको व्यवस्था गरिनेछ ।
- सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय निर्माण गरिनेछ ।
- गाउँपालिकामा रहेको बारुणयन्त्र सञ्चालनका लागि आवश्यक कार्य गरिनेछ ।

**गाउँसभा सदस्यज्यूहरु,** अन्त्यमा, खोटेहाङवासी सम्पूर्ण नागरिकहरुको सुख, शान्ति र समृद्दिको आकांक्षालाई सम्मान गर्दै खोटेहाङ गाउँपालिकाको आर्थिक, समाजिक, राजनीतिक तथा सबै आयामहरुको सकारात्मक परिवर्तनका खातिर आर्थिक वर्ष २०८०/८१ लाई फलदायी र परिणाममूखी बनाउने प्रयास स्वरुप उल्लिखित नीतिहरुलाई अवलम्बन गरेका छौं । मलाई विश्वास छ हामीले अवलम्बन गरेका नीति कार्यक्रमहरुले कुनै न कुनै हदसम्म हामीलाई प्राप्त जनादेशलाई सम्बोधन गर्नेछ ।यद्यपी नीति र कार्यक्रम तब परिणाममूखी हुन्छन् जब तीनिहरुको कार्यान्वयन हुन्छ । अन्यथा ती कागजमा सिमित हुन्छन् । प्रस्तुत आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रमको कार्यान्वयन गर्न र परिणाममूखी बनाउन यहाँहरु सबैको एक्यवद्धता र सहयोगको अपरिहार्यता छ । मलाई विश्वास छ हामीले नागरिकहरुका सामु गरेका प्रतिवद्धता र नागरिकहरुको अपेक्षा पूर्णरुपमा साकार पार्न यहाँहरु सम्पूर्णको सदैव साथ, सहयोग र रचनात्मक भूमिका हुनेछ ।

धन्यवाद ।